# गाउँपालिका उपाध्यक्ष श्री शान्ति चौधरी ज्यूले नवौं गाउँसभामा प्रस्तुत् गर्नुभएको

आ.ब. २०७८/०७९ को

# बजेट तथा कार्यक्रम

गढवा गाउँपालिका

गढवा, दाङ

२०७८ असार २०

**सभा अध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरु,**
**उपस्थित कर्मचारीहरू र पत्रकार मित्रहरू ।**

यस गरिमामय सभाको नवौं गाउँ सभामा गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

यस गौरबपूर्ण क्षणमा म संघीय लोकतान्त्रिक गणतन्त्रका लागि भएको जनयुद्ध, राजनीतिक सङ्घर्ष र आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । घाइते योद्धाहरु र वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।साथै हाल कोभिड-१९ माहामारीबाट देश विदेशमा मृत्यु हुने गढवाबासी तथा नेपाली दाजुभाई दिदिबिहिनीहरुमा हार्दिक श्रद्धाञ्जली तथा सङ्क्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना पनि गर्दछु ।

संविधान कार्यान्वयनको छोटो अवधिमा संघियताको महत्त्वपूर्ण आधारका रुपमा रहेको यस गाउँपालिकाको आधारशिला तयार भएको छ । विकास र सुशासनको स्पष्ट दृष्टिकोण, स्थानीय कानुनको निर्माण, गाउँपालिकाको गुरुयोजना तथा योजना तर्जुमा, जनशक्ती व्यवस्थापन, संघ र प्रदेशसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरुले विभिन्न प्रतिकुलताका वीचमा पनि कार्यान्वयनको प्रयासमा हामीलाई अनुकुलतातर्फ अघि बढ्ने आधार र प्रेरणा प्रदान गरेको छ । सबैको साझा प्रयासबाट नै छोटो समयमा गाउँपालिकाले महत्त्वपूर्ण उपलब्धी हासिल गरेको छ । यसबाट हामी सबैलाई शहिदको सपना साकार पार्नेतर्फ थप प्रेरणा मिल्ने छ।

**अध्यक्ष महोदय,**

सांस्कृतिक एवं भौगोलिक बिबिधता जस्ता संम्भावनाहरू रहेको भएपनि उद्योग, व्यापार, कृषि र पर्यटनमा आशा गरे अनुसार नहुनु, आधुनिक व्यावसायिक कृषि प्रणाली तर्फ अग्रसर नहुनु, आन्तरिक राजस्वमा पुरा सम्भावनाको उपयोग हुन नसकी परनिर्भरता बृद्धि हुन पुगेको छ । विकास कार्यक्रममा अर्थपूर्ण जनसहभागिता घट्न गई अपेक्षा अनुसारको उपलब्धी प्राप्त गर्न धेरै लामो यात्रा बाँकी छ।

लोकतन्त्रको उच्चतम अभ्यास र लाभ नजिकको सरकारबाट जनता समक्ष पुऱ्याउन स्थानीय सरकारको रूपमा गाउँपालिकालाई संचालन गर्न नेपालको संबिधानको भाग १७ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम समाबेशी विकासको सम्बोधनका लागि उपलब्ध साधन र मागको तालमेल हुन नसक्दा मानव विकासमा लक्षित उपलब्धी प्राप्त हुन नसकेता पनि सामाजिक परिचालनमा निर्वाचित जनप्रतिनीधिहरूको उपस्थिति र चार वर्षको प्राप्त अनुभवले सबै पक्षको परिचालनबाट योजना तर्जुमा तथा कार्यान्वियन प्रभावकारी हुन गई अपेक्षित उपलब्धीमा बृद्धि हुने बिश्वास लिएको छु ।

**अध्यक्ष महोदय,**

**अब म आ.ब.२०७७/०७८ को संक्षिप्त समिक्षा प्रस्तुत गर्न गइरहेको छु ।**

गाउँपालिकाको चालु आ.व. २०७७/०७८ को कुल विनियोजित बजेट रू. ६९ करोड ५३ लाख २६ हजार ३ सय २९ रूपैयाँ र ५७ पैसा मध्ये २०७८ साल जेठ मसान्तसम्म पुंजीगत खर्चतर्फ रू. १२ करोड १० लाख ८६ हजार २ सय ४ रूपैया र पैसा ३ मात्र (३७%) र चालुखर्च तर्फ रू २० करोड ६१ लाख ७३ हजार ८ सय ६ रूपैयाँ मात्र (६३%) गरी जम्मा रू. ३२ करोड ७२ लाख ६० हजार १० रूपैया र पैसा ३ मात्र खर्च भएको छ । उल्लेखित खर्चबाट सामाजिक सुरक्षा, सेवाहरूको व्यवस्थापन, सेवा प्रवाहमा टेवा पुग्नुको साथै प्रशासकीय भवन तथा वडा कार्यालयको भवन सम्पन्न, सडक संजालको विस्तार, गा.पा को आवधिक योजना, लक्षित समुदायको नेतृत्व तथा क्षमता विकास, आय तथा सिपवृद्धि लगायत उपलब्धीहरू हासिल भएका छन् ।

**अध्यक्ष महोदय,**

म आर्थिक बर्ष २०७७/०७८ मा विभिन्न सरोकारवालाहरू पक्षहरूबाट प्राप्त रायसुझाव, वडाहरूबाट प्राप्त माग, उल्लिखित समिक्षा र आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमका आधारमा बजेटका उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत् गर्न गईरहेको छु.।

## बजेटका उद्देश्यहरू :-

- संविधान वमोजिम स्थानीय तहलाई सरकारको रूपमा स्थापित गर्नु ।
- कृषि, पशु, शिक्षा, स्वास्थ्य तथा कोभिड-१९ लगायत सेवाहरूको प्रभावकारी व्यवस्थापन गर्नु ।
- कक्षा १–१० सम्म निशुल्क गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु ।
- सुरक्षित आवास सहित विपद् व्यवस्थापन तथा मानब अधिकारको रक्षा गर्नु ।
- कृषिमा व्यवसायिकरण तथा आधुनिकिकरण गरी रोजगारीको सृजनामार्फत उद्यमशिलता र आत्मनिर्भरताको विकास गर्नु ।
- पूर्वाधारहरूको विकास र विस्तार गर्दै गुणस्तरीयता कायम गर्नु ।
- समावेशी विकासको अवधारणा मार्फत् सामाजिक रूपान्तरण र समृद्धि कायम गर्नु ।

## बजेटका प्राथमिकताहरू :-

- कृषि
- शिक्षा
- पशु
- स्वास्थ्य
- भूमिहिन, सुकुम्बासी र अब्यवस्थित बसोबास
- स्थानीय तहको कार्यान्वयन र संस्थागत विकास ।
- रोजगारी र उत्पादनमा वृद्धि ।
- वन, वातावरण संरक्षण तथा सौन्दर्य प्रवर्द्धन ।
- सामाजिक न्याय तथा लैङ्गिक मूलप्रवाहीकरण ।
- सेवा प्रवाहमा क्षमता विकास ।

अध्यक्ष महोदय,

आ.व. २०७८।०७९ को अनुमानित आय व्यय प्रस्तुत गर्न गईरहेको छु ।

आ.व. २०७८।०७९ को अनुमानित आय :

| क्र.सं. | आय शिर्षक | अनुमानित आय रू. | कै. |
|---|---|---|---|
| १ | आन्तरिक श्रोत | ५ करोड २५ लाख १ हजार | |
| २ | समानिकरण (संघ, प्रदेश) | १३ करोड ७७ लाख २६ हजार | |
| ३ | ससर्त अनुदान (संघ, प्रदेश) | २५ करोड १९ लाख ४४ हजार | |
| ४ | विशेष अनुदान (संघ, प्रदेश) | १ करोड २ लाख | |
| ५ | राजश्व संघ, प्रदेश | ११ करोड ६८ लाख ३९ हजार ६ सय ५२ | |
| ६ | समपुरक अनुदान (सघं, प्रदेश) | ५ करोड १४ लाख | |
| ७ | अनुमानित अ.ल्या. | २ करोड ३६ लाख ९३ हजार | |
| | कुल जम्मा | ६४ करोड ४३ लाख ०३ हजार ६ सय ५२ | |

आ.व. २०७८।०७९ को अनुमानित व्यय :

| क्र.सं. | व्यय शिर्षक | अनुमानित व्यय | कै. |
|---|---|---|---|
| १ | प्रशासनिक चालु खर्च | १२ करोड ८० लाख १७ हजार | |
| २ | ससर्त खर्च सघं, प्रदेश | २५ करोड १९ लाख ४४ हजार | |
| ३ | विशेष खर्च संघ, प्रदेश | १ करोड २ लाख | |
| ४ | गा.पा तथा वडास्तरीय योजना तथा कार्यक्रमहरू | ८ करोड २५ लाख ९९ हजार ६ सय ५२ | |
| ५ | समपुरक कोषबाट खर्च थप समेत ( संघ र प्रदेश) | १० करोड २८ लाख | |
| ६ | महामारी नियन्त्रण | १ करोड ५० लाख ४३ हजार | |
| ७ | विपद ब्यवस्थापन | २० लाख | |
| ८ | प्र.म रोजगार कार्यक्रम | १० लाख | |
| ९ | भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबास कार्यक्रम | ७५ लाख | |
| १० | महिला तथा बालबालिका कार्यक्रम | ७० लाख | |
| ११ | जोखिम भत्ता ब्यवस्थापन | १० लाख | |
| १२ | पशु स्वास्थ्य शाखा | ७६ लाख | |

| | | | |
|---|---|---|---|
| १३ | कृषि बिकास शाखा | ७४ लाख | |
| १४ | शिक्षा शाखा | ८५ लाख | |
| १५ | न्यायिक समिति | ८ लाख | |
| १६ | स्वास्थ्य शाखा | ६० लाख | |
| | कुल जम्मा | ६४ करोड ४३ लाख ०४ हजार ६ सय ५२ | |

## अध्यक्ष महोदय,

सभाका सदस्य ज्यूहरू, सचिव लगायतका राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी एवं समस्त गढवाबासी महानुभावहरू, बजेट निर्माण कार्यमा अहोरात्र खटिई प्रत्यक्ष/अप्रत्यक्ष रूपमा रचनात्मक सल्लाह, सुझाव एवं प्रतिक्रिया दिई सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु।

बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरूको सक्रीय सहभागिता भई "**कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार गढवा गाउँपालिकाको समृद्धिको आधार**" भन्ने मूल नारालाई साकार पारी निर्धारित उद्देश्य प्राप्त गर्न अमूल्य सुझाव एवं साथ प्राप्त हुने कुरामा विश्वास लिएको छु ।

धन्यवाद !

प्रस्तुतकर्ता
शान्ति चौधरी
उपाध्यक्ष
गढवा गाउँपालिका
गढवा, दाङ

सम्वत् २०७८ साल असार २० गते रोज १ शुभम् ।